# सङ्खुवासभा जिल्ला अदालत

चैनपुर

फोन नं. ०२९–५७०१९५, ५७०१९६
फ्याक्स ०२९–५७०३७६
Email: info.dcsankhuwasabha@supremecourt.gov.np


पत्र संख्याः २०७७/०७८

१ नं. प्रदेश, नेपाल

मिति २०७८/०२/०३

## सूचना सूचना सूचना

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाको मिति २०७८/०१/२४ को सूचनाबाट निषेधाज्ञा आदेश जारी भएको र सम्मानित सर्वोच्च अदालतको मिति २०७८/०१/१४ को पूर्ण बैठकको निर्णयबमोजिम कोरोना महामारी (Covid 19) लाई दृष्टिगत गरी मुद्दाका पक्ष एवम् सर्वसाधारणलाई पर्न सक्ने मर्कालाई मध्यनजर गरी मिति २०७८/०१/१४ गतेको प्रेस विज्ञप्तीबाट स्थानीय परिस्थिति एवं जोखिमको मूल्यांकनका आधारमा उपयुक्त देखिएको काम कारवाही र सेवा प्रवाहको व्यवस्थापन सम्बन्धित अदालतले मिलाउने भन्ने देखिएको हुँदा यस सङ्खुवासभा जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, सङ्खुवासभा र नेपाल बार एसोसियसन सङ्खुवासभाको मिति २०७८/०१/२७ गतेको बैठकले निषेधाज्ञा वा लकडाउन अवधिभर केही सिमित कार्य मात्र गर्नेगरी सेवा संकुचन गर्ने निर्णय अनुसार मिति २०७८/०१/२७ गतेदेखि २०७८/०२/०२ गतेसम्म र सो पछि पूर्ववत आदेश कायम रहे स्वतः थप हुनेगरी तपसिल बमोजिमको सेवा मात्र प्रवाह गर्नेगरी अन्य काम कारवाही स्थगन गरिएकोमा जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाको मिति २०७८/०२/०२ को सूचना अनुसार २०७८/०२/०२ गतेदेखि २०७८/०२/१२ गते राती १२:०० बजेसम निषेधाज्ञा आदेश जारी भएको हुँदा सो अवधिभर पूर्व सूचना अनुसार सेवा संकुचनलाई निरन्तरता दिएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(केदारप्रसाद गौतम)
स्रेस्तेदार (उपसचिव)

तपसिलः

१. वन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनवाई।
२. पक्राउ पूर्जीको अनुमति, जरुरी पक्राउ पूर्जीको समर्थन।
३. मुद्दा अनुसन्धानका लागि प्रतिबादीलाई थुनामा राख्ने वा म्याद थप गर्ने।
४. कल डिटेल सम्बन्धी अनुमति दिने।
५. थुनुवा भएको अभियोग पत्रको दर्ता, प्रतिबादीको वयान र थुनछेक सम्बन्धी कार्य।

नोटः

- सेवा स्थगन गरिएको अवधिको हदम्याद, म्याद र तारेख नगुज्रिने।
- यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट कुनै निर्देशन प्राप्त भएमा सोहिबमोजिम हुने।
- न्यायको उपभोक्तामा यसबाट पर्न गएको असुविधा प्रति सङ्खुवासभा जिल्ला अदालत क्षमाप्राप्रार्थी छ।